# मुनाल

नेपाल पन्छी संरक्षण संघ

त्रैमासिक पत्रिका | वर्ष १८ | अङ्क २/३ | साउन/पुष २०७४


# सङ्कटमा सारस


- सिजन ज्ञवाली


सारसहरू मुलतः सिमसारमा आश्रित अग्लो खुट्टा हुने पन्छीहरू हुन। विश्वमा १५ प्रजातिका सारसहरू पाइन्छन र यी मध्ये नेपालमा चार प्रजातिका सारसहरू पाइन्छन्। यिनीहरू सारस, कालो टाउके सारस, लक्ष्मण सारस र कन्याङ-कुरुङ सारस हुन। यीमध्ये सारस नेपालमा वर्षभरी पाइने रैथाने पन्छी हो भने बाँकी हिउँदे आगन्तुक तथा बटुवा हुन्। विश्वमै दुर्लभ र नेपालको वन्यजन्तु ऐनद्धारा संरक्षित पन्छी सारस विश्वकै सबैभन्दा अग्लो उड्ने चरा हो। नेपालमा यो पन्छी पश्चिम तराईका जिल्लाहरू चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा अभिलेख गरिएको छ तर नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका कृषिभूमि र आसपासका सिमसार क्षेत्रमा मात्र सारसले बच्चा कोरल्ने गरेको पाइएको छ।

करीब पाँच फिट अग्लो हुने सारसको तौल दश केजीसम्म हुन्छ। सर्वहारी सारसले खुल्ला सिमसार क्षेत्र, सिन्चित धानखेत, पोखरी र ताल आसपासका क्षेत्रमा बच्चा कोरल्ने गर्दछ। यसको आहारा अन्न, घाँसका पलाउँदै गरेका टुसा, जरा, सिमसार क्षेत्रका बिरुवा, तिनका दाना, भ्यागुता, माछा, छेपारा र किरा फट्याङ्ग्रा हुन। सर्पहरूको संख्या नियन्त्रण गरिदिनुका साथै बालीनालीका लागि हानिकारक शङ्खे किरा र अन्य साना जीवहरूलाई खाइदिएर हाम्रो अन्न उत्पादनमा सहयोग गरिरहेका हुन्छन्। त्यसैगरी सारसले बाघ, चितुवा जस्ता जनावरहरू नजिक आउन लागे कराएर जानकारी दिने हुँदा ती जनावरहरूको आक्रमणबाट बच्न सघाइरहेको हुन्छ। सारस सिमसार क्षेत्रको सूचक प्रजाति मान्न सकिन्छ । फलत यसको उपस्थिति त्यस सिमसार क्षेत्र र



फोटो: ज्योतेन्द्र ज्यू ठकुरी



पारिस्थितिकीय प्रणाली स्वस्थताको प्रतिक हो। सारसको बयान र महत्व हिन्दु र बौद्ध धर्मगन्थहरूमा पनि गरेको पाइन्छ। यसर्थ सारस खाद्यसृङ्खला र जैविक विविधताको महत्त्वपूर्ण सूचक मात्र होइन लाखौँ। मानिसहरूको धार्मिक र सांस्कृतिक आस्थाको धरोहर र आकर्षणको केन्द्र पनि हो।

विश्वका दुर्लभ चरा मध्येको सारसलाई IUCN रातो सूचीमा संवेदनशील अवस्थामा राखिएको छ भने CITES मा यसलाई अनुसूची २ मा राखिएको छ। नेपालमा सारसको कुल सख्या ४५० देखि ७०० सम्म रहेको अनुमान गरिएको छ जस मध्ये करीब अस्सी प्रतिशत संख्या रूपन्देही र कपिलवस्तु जिल्लामा मात्र रहेको छ। सारसको सन् २०१४ देखि २०१७ को अनुगमनमा रूपन्देही जिल्लाको लुम्बिनी र आसपासको क्षेत्रमा २० देखि २५ गुँड, कपिलवस्तुमा ७ देखि १२ गुँड, बाँकेमा ४ देखि २५ गुँड, बर्दियामा २ वटा, कैलालीमा १ देखि २ वटा र कञ्चनपुरमा पनि १ देखि २ वटा गुँडहरू अभिलेख गरिएको थियो। त्यसैगरी रूपन्देही जिल्लामा ८० देखि १८७, कपिलवस्तुमा ४० देखि ६३, बाँकेमा १२ देखि २३, बर्दियामा २ देखि ४, कैलालीमा २ देखि ७ र कञ्चनपुरमा ४ देखि ११ को संख्यामा वयस्क सारसहरू सर्वेक्षणको क्रममा अभिलेख गरिएको थियो।

अन्य धेरै चराहरूले जस्तै सारसले पनि वर्षायाममा प्रजनन् गरी बच्चा कोरल्ने गर्दछन्। सारसले गुँड बनाउन घाँसका त्यान्द्रा, जरा, नर्कटका साना साना डाँठहरूको प्रयोग गर्ने गर्दछन्। प्रजनन् समय र बच्चा कोरल्ने मौसममा यी पन्छी जोडीमा बस्ने गर्दछन। यो समयमा सारसको नृत्य विशेष आर्कषक हुन्छ। सिमसार क्षेत्र र धान खेतमा गुँड बनाउने सारसले एक प्रजनन् अवधिमा २ वटा र विरलै ३ वटासम्म अण्डा पार्ने गर्दछन्। करीब ३० देखि ३२ दिनको ओथारो बसाइपछि सारसले चल्ला कोरल्छ। चल्लाहरू ५ देखि ६ महिनासम्म माउसँग नै बस्छन् भने त्यस पश्चात अन्य सारसको झुन्डमा सहभागी भई आजीवन जोडी बनाई बस्दछन्। सारसको औसत आयु करीब ८० वर्ष सम्म हुने अनुमान गरिएको छ।

बढ्दो वन फँडानी, प्राकृतिक स्रोतको अतिक्रमण र अनियन्त्रित प्रयोग, कृषि उत्पादनमा किटनाशक विषादीको प्रयोग र जलक्षेत्रको अव्यवस्थित तथा अत्याधिक उपयोगका कारण सिमसारहरू नासिँदै गएका हुन्। सिमसार क्षेत्रहरू प्रायः अतिक्रमण भई कतै खेत र कतै घडेरीमा परिणत भएका छन् भने कतै माछा पोखरीमा सीमित छन्। पछिल्ला वर्षहरूमा सिमसार क्षेत्र नासिँदै जाँदा त्यसको प्रत्यक्ष वा परोक्ष असर हाम्रो कृषि उत्पादन, जीविकोपार्जन सँगै सारस जस्ता दुर्लभ चराहरूमा पनि परेको छ। खेतबारीमा प्रयोग गरिने रासायनिक मल र विषादीका साथै ढल तथा प्लाष्टिक र शिशाजन्य नसड्ने पदार्थको सिमसारहरूमा विषर्जनले पनि सारसको बासस्थान बिग्रँदो छ। बाह्य तथा मिचाहा प्रजातिहरू जलकुम्भी, कुम्भीका, बेशरम, करौते, लहरे वनमारा आदि वनस्पतिहरूको संक्रमणले सिमसारहरू गम्भीर सङ्कटमा परिरहँदा यसको असर सारसमा नपर्ने कुरै भएन। जनसंख्या बृद्धिसँगै बढदो शहरीकरण, सडक, बाँधनिर्माणले गर्दा सारसको बासस्थान खण्डिकरण र नष्ट भइरहेको छ। बासस्थान विनाश नै सारसको लागि प्रमुख चुनौति हो भने अण्डा चोर्ने र शिकार गर्ने कार्यले पनि सारसलाई अपठ्यारोमा पारिरहेको छ। कृषिमा विषादीको बढ्दो प्रयोग र अवैज्ञानिक ढङ्गबाट विस्तार गरिएका विद्युत तारले पनि सानो संख्यामा रहेका सारसहरूलाई झन सङ्कटमा पारिरहेको छ।

सारसको बासस्थान संरक्षित क्षेत्र बाहिर मुलत नीजि कृषिभूमि, सार्वजनिक वन र सिमसार क्षेत्रमा अवस्थित छन्। अतः संरक्षणका लागि स्थानीय समुदायको सक्रियता, जनसहभागिता र अपनत्व आवश्यक छ। प्रकृतिको अभिन्न अङ्ग सारस र तिनको वटास्थान संरक्षणका लागि स्थानीय सरोकारवाला सरकारी तथा गैर सरकारी निकाय, राजनीतिक नेतृत्व, समुदाय, सामुदायिक वन, संरक्षणकर्मी, संघसस्था तथा क्लब सबैको हातेमालो जरुरी छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार सारसलाई मार्ने वा अण्डा नष्ट गर्ने वा व्यापार गर्नेलाई ५ सय देखि १ लाखसम्म जरिवाना वा ३ महिनादेखि २ वर्षसम्म कैद अथवा दुवै सजाय हुने कानुनी प्रावधान छ। अत यसप्रकारका अवैधानिक कामहरूलाई निरुत्साहित गरी सारस संरक्षणमा सहभागी भई जैविक सन्तुलन र सनातन खाद्यचक्रलाई दीर्घकालसम्म कायम राखौँ।




# शुभकामना

*वनका ती पशुपन्छी मानेर आफ्नै तन।*
*प्राकृतिक सुन्दरता, सजाएर भित्री मन।।*
*जोगाएर लताबृक्ष, बनाएर हराभरा।*
*दुईहात जोडी भन्छु बिन्ति नमारौँ ती चरा।*

*जलवायु र विज्ञान, उपभोग गरिकन।*
*शान्ति सद्भाव करुणा, भर्नुछ यसै मन।।*
*डढेँलोबाट बचाऊ, ओथारो बसेका चरा।*
*दुईहात जोडी भन्छु बिन्ती नमारौँ ती चरा।।*

*चिर्बिर गर्ने पन्छीको, मधुर मीठो गुञ्जन।*
*सुनि रहुँझैँ लाग्दछ, तृष्णा मेटेर यो मन।।*
*अमूल्य उपहारले, सजिएको हाम्रो धरा।*
*दुईहात जोडी भन्छु बिन्ती नमारौँ ती चरा।।*

*लोभ, मोह, ईर्ष्या यो हो, भित्री मनको विकार।*
*नबनौँ कोही कहिल्यै, दीर्घ रोगको शिकार।।*
*ज्ञानको कोदालो बोकी, खनेर फाल्नु छ जरा।*
*दुईहात जोडी भन्छु बिन्ती नमारौँ ती चरा।।*

*गर्भिणी भएका सारा, जनावर जङ्गलका।*
*चर्दछन् सन्ततिप्रति चिताएर मङ्गलका।।*
*प्रकृतिका हकदार,बनेर घुम्दछन् बरा।*
*दुईहात जोडी भन्छु बिन्ती नमारौँ ती चरा।।*

*पन्छी संरक्षण गर्ने, हाम्रो मनका भावना।*
*हत्या हिंसा बन्द गरौँ यहि छ शुभकामना।।*
*दैवी विपत्ति नपरोस् ती पशुपन्छी बरा।*
*दुईहात जोडी भन्छु बिन्ती नमारौँ ती चरा।।*



- ताराप्रसाद श्रेष्ठ

# समाचार संक्षेप

## प्रजनन् केन्द्रमा हुर्काइएका गिद्ध प्राकृतिक बासस्थानमा छाडियो

नेपालमा प्रकृतिबाट गिद्ध लोप हुनबाट बचाउँने उद्देश्य अनुसार चितवन राष्ट्रिय निकुञ्जको कसरामा गिद्ध संरक्षण तथा प्रजनन् केन्द्रमा हुर्काइएका ६ वटा गिद्धलाई पहिलो पटक प्राकृतिक बासस्थानमा छाडिएको छ। प्रजनन् केन्द्रमा हुर्काइएका गिद्धहरूलाई सुरक्षित प्राकृतिक वातावरणमा पुनर्वास गराउने लक्ष्यका साथ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको गिद्ध पुनर्वास कार्यक्रम २०१६-२०१६ अनुसार यो कार्य सम्पन्न गरिएको हो। प्रजनून केन्द्रमा हुर्काइएका गिद्धहरूलाई सफलतापूर्वक प्राकृतिक बासस्थानमा पुनर्वास गराई तिनीहरूको नियमित अनुगमन गर्नेगरी गत वैशाख २ गतेका दिन पहिलो चरणमा ६ वटा गिद्धहरूलाई प्रजनून केन्द्रबाट चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र नमूना सामुदायिक वनमा रहेको जटायु रेष्टुरेन्ट क्षेत्रमा स्थापना गरिएको रिलीज एभिएरीमा सारिएको थियो। त्यसयता करीब सात महिनासम्म ती गिद्धहरूलाई प्रकृतिमा रहेका गिद्धहरूसँग घुलमिल गराई पूर्णरूपमा प्रकृतिमा छाडिएको हो। यी गिद्धको नियमित अनुगमन सहजताका लागि ढाडमा स्याटेलाइट ट्याग जडान गरिएको छ भने यत्तिकै संख्यामा जङ्गली गिद्धमा पनि स्याटेलाइट ट्याग लगाइएको थियो जसको सहायताले यी गिद्धहरूको अन्तरक्रिया र तुलनात्मक अध्ययनमा मद्दत गरिरहेको छ। स्याटेलाइट ट्याग जडान गरिएका जङ्गली गिद्धको नियमित अनुगमनमा यी गिद्ध नेपालको करीब २० जिल्लाको २४ हजार वर्ग किमी क्षेत्रमा विचरण गरेको देखिन्छ।



फोटोः राजेन्द्र गुरुङ

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव डा. युवकध्वज जिसी र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक मन बहादुर खड्काको विशेष उपस्थितिमा रिलीज एभिएरीको ढोका खोलिएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक गोपाल प्रकाश भट्टराई, वन विभागका क्षेत्रीय निर्देशक शिव वाग्ले, चितवन राष्ट्रिय

निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र कँडेल, वन तथा पर्यावरण निर्देशनालयका उपनिर्देशक यम बहादुर अधिकारी, गणपति समुन्द्र थापा, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव गोविन्द गजुरेल, नेपाल पन्छी संरक्षण संघका महासचिव राजेन्द्र गुरुङ, कावासोती नगरपालिकाका उपमेयर शंकर मर्दनिया, जटायु रेष्टुरेन्ट व्यवस्थापन समितिका संयोजक डीबी चौधरी, लामिचौर मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बासुदेव पौडेल, नमूना सामुदायिक वनका अध्यक्ष बलिराम महतो, मध्यवर्ती क्षेत्रका स्थानीय समुदाय र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति थियो। उक्त कार्यक्रममा गिद्धको नियमित अनुगमनको उपलब्धी र आगामी कार्यभारको विषयमा नेपाल पन्छी संरक्षण संघका गिद्ध संरक्षण कार्यक्रम अधिकृत कृष्ण भुसालले प्रस्तुती राख्नु भएको थियो।

समुदायमा आधारित गिद्ध संरक्षण कार्यक्रमको माध्यमले नेपालले लोपोन्मुख गिद्ध संरक्षणमा हासिल गरेको सफलता विश्व संरक्षण समुदायका लागि अनुकरणीय बनेको प्रमुख अतिथि वन तथा भू-संरक्षण मन्त्रालयका सचिव डा. युवकध्वज जिसीले बताउनु भयो। यस कार्यक्रमले नेपालबाटै थालनी गरिएको गिद्ध सुरक्षित क्षेत्रको वैज्ञानिक अवधारणालाई साकार पार्न र प्रजनन् केन्द्रमा हुर्काइएका गिद्धहरूलाई सफलतापूर्वक प्राकृतिक बासस्थानमा पुनर्वास गराई गिद्ध संरक्षणमा थप टेवा पुराउने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक मन बहादुर खड्काले उल्लेख गर्नुभयो।

## घोडाघोडी ताल क्षेत्रमा चरा संरक्षण अभियान सम्पन्न

नेपाल पन्छी संरक्षण संघ र स्थानीय साझेदार संस्था चरा संरक्षण नेटवर्कले संयुक्त रूपमा चरा संरक्षण अभियान श्रावण ७ गते (२२ जुलाई २०१७) घोडाघोडी ताल क्षेत्रको लठ्ठौहा सामुदायिक वनमा सम्पन्न गरियो। यसको प्रमुख उद्देश्य राजलाहाँचे, ठूलो धनेशजस्ता महत्त्वपूर्ण चराहरूको संरक्षणमा जोड दिनु थियो।

जिल्ला वन कार्यालय कैलालीका जिल्ला वन अधिकृत डा. राजेन्द्र केसीको मुख्य आथित्यमा सम्पन्न भएको कार्यक्रमा सेक्टर वन कार्यालय पहलमानपुर, वसन्ता संरक्षित वन परिषद पहलमानपुर, इलाका वन कार्यालयको सहभागिता रहेको थियो। स्थानीय सरोकारवालाहरू प्रकृति संरक्षण समूह, विद्यालय स्तरीय इको क्लब, घोडाघोडी मञ्च, माघी होम स्टे सामुदायिक वन उपभोक्ता समूहहरू लगायत करीब ३०० भन्दा बढी मानिसको उपस्थिति रहेको थियो। सखी ढकिया समूह कौहा र माघी होम स्टेको सांस्कृतिक कार्यक्रमको सांस्कृतिक झाँकी र नाच प्रस्तुत गरिएको थियो। उक्त कार्यक्रममा चराको महत्त्वबारे जिल्ला वन अधिकृत डा. राजेन्द्र केसी लगायत सहभागी विभिन्न व्यक्तिहरूले संरक्षण सम्बन्धी आ-आफ्नो धारणा राखेका थिए।

## वातावरण संरक्षण सम्बन्धी वृतचित्र प्रदर्शनी

हाम्रा वरिपरि पाइने चराहरूको संरक्षण निकै महत्त्वपूर्ण रहेको सन्देश दिने उद्देश्यले नेपाल पन्छी संरक्षण संघले "Keep Common Birds Common" को नारा सहित "Exclusive Charity Dinner & Screening" को आयोजना गरेको थियो। सो कार्यक्रम सुन्धारा स्थित "Cine De Chef" मा २७ साउन २०७४ मा भएको थियो। कार्यक्रममा संस्थाका सदस्यहरू, संरक्षणकर्मीहरू र विभिन्न पेशामा संलग्न व्यक्तिहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा उपस्थित दर्शकहरू वातावरण संरक्षणको सन्देश बोकेको चर्चित वृतचित्र "Before the Flood" हेरिसकेपछि रात्री भोजमा सरिक भएका थिए। "Exclusive Charity Dinner & Screening" नेपाल पन्छी संरक्षण संघको जनचेतनामूलक एवम् सहयोग जुटाउने पहिलो कार्यक्रम थियो। विभिन्न क्षेत्रमा आबद्ध जनताहरूलाई पन्छी, यसको बास्थान र वातावरण संरक्षण हामी सबैको दायित्व रहेको सन्देश दिनु कार्यक्रमको उद्देश्य रहेको थियो।

## नवौँ अन्तराष्ट्रिय गिद्ध सचेतना दिवस देशभर मनाइयो



नेपाल पन्छी संरक्षण संघले गिद्ध संरक्षणमा सक्रिय देशभरका स्थानीय समुदाय, संरक्षणकर्मी र सरोकारवाला निकायहरू सँगको साझेदारीमा नवौँ अन्तराष्ट्रिय गिद्ध सचेतना दिवस गत सेप्टेम्बर २ का दिन देशभर मनाएको छ। प्रत्येक वर्ष सेप्टेम्बर महिनाको पहिलो शनिबार र त्यस सप्ताहभर अन्तराष्ट्रिय गिद्ध सचेतना दिवस संसारभर मनाइन्छ। पहिलो अन्तराष्ट्रिय गिद्ध सचेतना दिवस सन् २००९ मा मनाइएको थियो। यस अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस मनाउनुको मूख्य उद्देश्य भनेको दिन प्रतिदिन घट्दै गइरहेका गिद्धको अवस्था र गिद्ध संरक्षणमा भैरहेका प्रयासहरू सबै सामु उजागर गर्दै गिद्ध संरक्षणमा आम समुदायलाई आबद्ध गराउनु हो। यस वर्षपनि सचेतनामूलक ऱ्याली, विद्यालय स्तरीय संरक्षण शिक्षामूलक प्रतियोगिताहरू, गिद्ध तस्वीर तथा चित्रकला प्रर्दशनी, गिद्ध अवलोकन, सडक नाटक, अन्तरक्रिया, रेडियो कार्यक्रम, गिद्ध महोत्सव र विभिन्न गीत तथा नाटक प्रतियोगिता लगाएतका कार्यक्रमहरू गरी मनाइएको थियो। १५ जिल्लाका २० बढी स्थानमा मनाइएको नवौँ अन्तराष्ट्रिय गिद्ध सचेतना दिवसमा करीब १५ सयजनाले प्रत्यक्ष सहभागिता जनाएका थिए। यस वर्षको गिद्ध सचेतना दिवस मुलतः नव निर्वाचित स्थानीय निकायका जन प्रतिनिधिहरू सँगको अन्तरक्रिया र गिद्ध संरक्षणका कार्यक्रमहरूलाई थप प्रभावकारी र दिगो बनाउने विषयमा केन्द्रित थियो।

## घोडाघोडी ताल क्षेत्रमा सचेतना कार्यक्रम

नेपाल पन्छी संरक्षण संघ र स्थानीय साझेदार संस्था चरा संरक्षण नेटवर्कले संयुक्त रूपमा चरा, जैविक विविधता तथा संस्कृति संरक्षण सम्बन्धी असोज ११ गते (२७ सेप्टेम्बर २०१७) घोडाघोडी ताल क्षेत्रको देउकलियामा विभिन्न कार्यक्रमको आयोजना गरी सम्पन्न गरेको थियो। यस कार्यक्रमको प्रमुख उद्देश्य मानव समुदायको प्रकृतिसँगको सम्बन्ध कति घनिष्ट छ र मानव समुदायलाई चरा तथा जैविक विविधता संरक्षणप्रति लाग्न उत्प्रेरित गराउनु थियो। यस कार्यक्रममा स्थानीय र राष्ट्रिय कलाकारहरूले आफ्नो गीत र कलाको माध्यमबाट संरक्षणको सन्देश दिएका थिए।

यस कार्यक्रम वरिष्ठ समाजसेवी तथा विद्वान व्यक्ति श्री राम बहादुर चौधरीको प्रमुख आथित्यमा सम्पन्न भएको कार्यक्रमा जिल्ला वन कार्यालय कैलालीको मातहतमा रहेको सेक्टर वन कार्यालय पहलमानपुर, वसन्ता संरक्षित वन परिषद पहलमानपुर, इलाका वन कार्यालय सुखड्को सहभागिता रहेको थियो। स्थानीय सरोकारवालाहरू प्रकृति संरक्षण समूह, विद्यालय स्तरीय इको क्लब, घोडाघोडी मञ्च, वडा स्तरीय बरघरहरू लगायत करीब ५००० भन्दा बढी मानिसको उपस्थिति रहेको थियो।

## गिद्धको बासस्थान भएका सामुदायिक वनका उपभोक्ता सचेतना कार्यक्रम सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, जिल्ला वन कार्यालय रूपन्देही, जिल्ला वन कार्यालय कपिलवस्तु, मिलन सामुदायिक वन उपभोक्ता समूह, सुखौरा सामुदायिक वन उपभोक्ता समूह र राजापानी सामुदायिक वन उपभोक्ता समूहको आयोजनामा क्रमशः भलुही रूपन्देहीमा मिति २०७४ साल असोज २५ गते, २०७४ साल असोज २७ गते कटनी रूपन्देहीमा र २०७४ साल असोज २८ गतेका दिन राजापानी कपिलवस्तुमा गिद्ध संरक्षण तथा बासस्थान व्यवस्थापन सम्बन्धी सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। सामुदायिक वन उपभोक्त समूहका पदाधिकारी र उपभोक्तहरूलाई गिद्ध संरक्षण, बासस्थान व्यवस्थापन र सामुदायिक वनको कार्य योजनामा गिद्ध संरक्षणका गतिविधिहरू समावेश गरी दिगो रूपमा गिद्ध संरक्षण कार्य गर्नको लागि यी कार्यक्रमको आयोजना गरिएको थियो। उक्त सामुदायिक वन क्षेत्रहरू चरा तथा जैविक विविधताको लागि महत्त्वपूर्ण क्षेत्रमा सूचिकृत भएको र विश्वमै दुर्लभ डङ्गर गिद्धको बासस्थान रहेको साथै तिनको नियमित अनुगमन गरिरहेको नेपाल पन्छी संरक्षण संघका जीवविज्ञ अंकित विलाश जोशी र ईश्वरी चौधरीले बताए। सचेतना कार्यक्रममा जिल्ला वन कार्यालय रूपन्देहीका सहायक वन अधिकृत सत्येन्द्र नारायण सिंह, जिल्ला वन कार्यालय कपिलवस्तुका ओमप्रकाश विश्वकर्मा, स्थानीय जन प्रतिनिधि, नेपाल पन्छी संरक्षण संघका परियोजना अधिकृत भूपाल नेपाली, स्थानीय संघ संस्थाका प्रतिनिधि र सामुदायिक वनका उपभोक्ताहरूको सहभागिता थियो। कार्यक्रममा तीनवटै सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरूले आ-आफ्नो सामुदायिक वनको कार्य योजनामा गिद्ध लगायत अन्य चराहरू संरक्षणको लागि विभिन्न गतिविधिहरू समावेश गर्ने र गिद्धका गुँड भएको क्षेत्रलाई '**गिद्ध क्षेत्र**' बनाई संरक्षण कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गर्नु भएको थियो।

## चरा तथा जैविक विविधता संरक्षण सम्बन्धी बरघर/भल्मन्साहरूलाई तालिम

नेपाल पन्छी संरक्षण संघ र स्थानीय साझेदार संस्था चरा संरक्षण नेटवर्कले संयुक्त रूपमा चरा तथा जैविक विविधता संरक्षण सम्बन्धी बरघर/भल्मन्साहरूलाई तालिम कार्तिक १ गते (१८ अक्टोबर २०१७) घोडाघोडी ताल क्षेत्रको पहलमानपुरमा सम्पन्न गरिएको थियो। यस तालिमको प्रमुख उद्देश्य गाउँका समुदायहरूलाई गाउँको मुखिया बरघर/भल्मन्साहरू मार्फत चरा तथा जैविक विविधता संरक्षण प्रति लाग्न उत्प्रेरित गराउनु थियो।

यस तालिममा वसन्ता संरक्षित वन परिषद पहलमानपुरका अध्यक्ष पुष्कल बम, चरा संरक्षण नेटवर्कका अध्यक्ष दयाराम चौधरी, म्याप नेपालका वेद चौधरी, कान्तिपुर दैनिकका पत्रकार गणेश चौधरी र नेपाल पन्छी संक्षण संघका हिरूलाल डङ्गौराले प्रशिक्षण दिएका थिए। घोडाघोडी नगरपालिका ७६ गाउँमध्ये ५६ जना बरघर/भल्मन्साहरूको सहभागिता रहेको थियो।

## 'वाल्क फर बर्ड' नगरकोटमा

काठमाडौँका आसपासमा रहेको हरियाली, पन्छी तथा जैविक विविधताकालागि निकै महत्त्वपूर्ण रहेको सन्देश प्रवाह गर्दै नेपाल पन्छी संरक्षण संघले यहि पौष १, २०७४ मा नगरकोटमा 'Walk for Bird" आयोजना गरेको थियो। ४ घण्टा लामो हाइकिङ कार्यक्रममा बीसीएनका सदस्य, संरक्षणकर्मी, पन्छी प्रेमी, तथा विभिन्न क्षेत्रमा आबद्ध पेसाकर्मीहरूको उपस्थिति रहेको थियो।

प्रतियोगीहरू बिहानै प्रदर्शनी मार्ग स्थित नेपाल टुरिजम बोर्ड गेटबाट नगरकोट प्रस्थान गरेका थिए। करीब ६:३० बाट सुरु भएको हाइकिङमा विभिन्न समूहमा विभाजित प्रतियोगीहरू साल वन पार गरी कार्तिके गाउँ हुँदै हिमालको मनोरम दृश्य हेर्दै फेरी नगरकोटको मा पुगी विश्राम लिएका थिए। भाग लिएका प्रतियोगीहरूलाई बीसीएन का कार्यकारी समितिका सदस्य विमल थापा ज्यूले सम्मान स्वरूप 'कदर पत्र' प्रदान गर्नुभएको थियो। सो कार्यक्रमलाई Dish Home Media र Yuktee Management को पनि सहयोग रहेको थियो।







## महिला सशक्तिकरण तथा सहकारी तालिम

गुल्मी जिल्ला, परालमीका चण्डेश्वरी महिला समूहका सदस्यहरूलाई तालिमका साथै जीविकोपार्जन र उनीहरूको संस्थाका लागि आवश्यक सहयोग गरिएको छ। हाल, उनीहरूसँग महत्त्वपूर्ण सामग्रीहरू सहितको कार्यालय रहेको छ जुन बैठक गर्नको लागि केन्द्र बनेको छ। सहकारी र विभिन्न सिपमूलक तालिमहरूले उनीहरूलाई आत्मनिर्भर हुन सिकाएको छ। सहकारीबारेको महत्त्व तालिमले उनीहरूले यस क्षेत्रमा ठुलै प्रगति गरेका छन्। ३० जनाबाट शुरु गरेको अहिले ३१२ जना सहकारी सदस्यहरू छन् र भविष्यमा यो संख्या अझ बढ्ने उनीहरूले बताएका छन्।



## रेसुङ्गामा सामुदायिक श्रोत केन्द्रको स्थापना

समुदायमा जैविक विविधता संरक्षण र जलवायु परिवर्तन सम्बन्धी ज्ञान दिने उद्देश्यले, रेसुङ्गाको बलिथुममा एउटा सामुदायिक श्रोत केन्द्र स्थापना गरिएको छ। कार्यालयलाई आवश्यक पर्ने सबै सामग्री र महत्त्वपूर्ण जानकारीमूलक पुस्तकहरू उक्त श्रोत केन्द्रलाई सहयोग गरिएको छ। स्थानीय युवा क्लब श्री नव जनविकास युवा परिवारले उक्त श्रोतकेन्द्र सञ्चालन गर्दै आएको छ जस अन्तर्गत हरेक हप्ताको अन्तमा स्थानीय समुदायहरूलाई भेला गराई श्रव्यदृश्य प्रदर्शन गर्नुका साथै जैविक विविधता र जलवायु सम्बन्धी विषयमा छलफल गराउने गर्दछ।

## घोडाघोडी ताल क्षेत्रमा ११ सामुदायिक वनमा चराको चेकलिस्ट तयार

नेपाल पन्छी संरक्षण र स्थानीय साझेदार संस्था चरा संरक्षण नेटवर्कले संयुक्तरूप घोडाघोडी ताल क्षेत्रमा ११ सामुदायिक वनमा चराको चेकलिस्ट तयार गरिएको छ। लठ्ठौहा सामुदायिक वन, बुरिह्या नकरोर सामुदायिक वन, जनहित सामुदायिक वन, बागेश्वरी सामुदायिक वन, घडाघोडी सामुदायिक वन, कोमल हरियाली सामुदायिक वन बृन्द्रा सामुदायिक वन, सुन्दर सामुदायिक वन, मैनापोखर सामुदायिक वन, तेंङ्गना सामुदायिक वन, सिताकण्ड सामुदायिक वनहरूमा चराको चेकलिस्ट (जुलाई र अगस्त २०१७) करीब एक महिना सर्वेक्षण गरेर तयार पारिएको हो।

## थप पाँच जिल्ला सहित ६१ जिल्ला पशु उपचारमा डाइक्लोफेनेक मुक्त घोषणा

पछिल्लो ६ महिनाको अवधीमा नेपालका सर्लाही, महोत्तरी, सिन्धुपालञ्चोक, रसुवा र नुवाकोट जिल्लाहरूलाई जिल्लास्तरीय सरोकारवाला निकायहरूको समन्वयमा गिद्ध संरक्षणका लागि पशु उपचारमा प्रयोग गरिने डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गरिए सँगै ६१ जिल्ला पशु उपचारमा डाइक्लोफेनेक मुक्त बनाइएका छन। नेपाल पन्छी संरक्षण संघ र सम्बन्धित जिल्ला पशुसेवा कार्यालयको संयुक्त आयोजनामा यी कार्यक्रम सम्पन्न गरिएका हुन। डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गर्नुको मुख्य कारण पशु उपचारमा प्रयोग गरिने डाइक्लोफेनेक औषधीको गैरकानूनी प्रयोगमा रोकथाम गरी गिद्ध सुरक्षित क्षेत्र बनाई विश्वबाटै लोपोन्मुख अवस्थामा पुगेका गिद्धहरूको संरक्षण गर्नु हो। यी कार्यक्रमहरूमा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला पशुसेवा कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला जन स्वास्थ्य कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, महिला तथा बालबालिका कार्यालय, सरोकारवाला निकायका प्रतिनिधि, सुरक्षा निकाय सरकारी तथा गैर सरकारी सस्थाका प्रतिनिधि, नेपाल पाराभेटेरीनरी एण्ड लाइभस्टक एसोसिएशनका प्रतिनिधि, जिल्ला पशुसेवा कार्यालय प्राविधिक तथा कर्मचारी, भेटेरीनरी पसलका प्रोपराइटर, पत्रकार, स्थानीय संघ संस्थाका प्रतिनिधि र सामाजिक कार्यकर्ताहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा उपस्थित सरोकारवाला निकायका प्रतिनिधिहरूले पशु उपचारमा अवैधानिक प्रयोग गरिने डाइक्लोफेनेकको नियमित अनुगमन गर्ने र गिद्ध संरक्षणमा आ-आफ्नो निकायबाट सहयोग गर्ने प्रतिबद्धता जाहेर समेत गर्नुभएको छ। माथि उल्लेखित जिल्लाहरूमा सम्बन्धित जिल्ला पशुसेवा कार्यालयका प्रतिनिधि, जिल्लास्थित मुख्य सरोकारवाला निकायहरू र नेपाल पन्छी संरक्षण संघका प्रतिनिधिहरूको टीमले जिल्ला स्थित विभिन्न भेटेरीनरी पसलहरूमा औषधी डाइक्लोफेनेकको अनुगमन गरे पश्चात उक्त औषधी कुनैपनि भेटेरीनरी पसलहरूमा नपाइएकोले जिल्लालाई डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गरिएको थियो।

## गिद्ध सुरक्षित क्षेत्र व्यवस्थापनका लागि स्थानीय संरक्षण समूहको तालिम सम्पन्न

गिद्ध संरक्षणमा सक्रिय देशभरका स्थानीय समुदायका प्रतिनिधि, संरक्षणकर्मी र सरोकारवाला निकायका प्रतिनिधिहरू गिद्ध संरक्षण भएका कार्यहरूको समीक्षा तथा आगामी कार्य योजनाहरूको तय तथा चरा तथा जैविक विविधताका लागि महत्त्वपूर्ण क्षेत्रको अनुगमन सशक्तिकरण तालिम नवलपरासीको अमलटारीमा सम्पन्न भएको छ। नेपाल पन्छी संरक्षण संघ र जटायु रेष्टुरेन्ट व्यवस्थापन समिति पिठौलीको संयुक्त आयोजनामा आयोजित दुईदिने तालिमको उद्घाटन






गर्दै कावासोती नगरपालिकाका उपप्रमुख प्रेम शंकर मर्दनियाले दुर्लभ गिद्ध संरक्षणमा स्थानीय समुदायले पुऱ्याएको योगदानको प्रशंसा गर्दै नेपाल सरकारले लागू गरेको गिद्ध संरक्षण कार्ययोजना २०१५-२०१९ को व्यवहारत कार्यान्वयनका लागि सबैजना लाग्न आह्वान गर्नुभयो। जटायु रेष्टुरेन्ट व्यवस्थापन समिति पिठौलीका संयोजक डीबी चौधरीले नेपालको गिद्ध संरक्षण अभियान विश्व संरक्षण समुदायका लागि अनुकरणीय कार्य भएको बताउनु भयो। समुदायद्धारा सञ्चालित तथा व्यवस्थित जटायु रेष्टुरेन्ट, डाइक्लोफेनेकको पशु उपचारमा प्रतिबन्ध तथा प्रयोगमा रोक, डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा अभियान र गिद्धका सर्वेक्षणबाट देखिएको सुधारोन्मुख गिद्धको अवस्था र गिद्ध संरक्षण तथा प्रजनन् केन्द्रमा हुर्किएका गिद्धहरूको प्राकृतिक बासस्थानमा पुनःस्थापना जस्ता कार्यले हामीहरू गिद्ध संरक्षणमा अब्बल देखिएका छौं नेपाल पन्छी संरक्षण संघका गिद्ध संरक्षण कार्यक्रम अभिकृत कृष्ण भुसालले बताउनु भयो। नेपालको सिङ्गो तराई भू–परिधि क्षेत्रसँगै ६१ जिल्ला पशु उपचारमा डाइक्लोफेनेक मुक्त गिद्ध सुरक्षित क्षेत्र घोषणा गरिएका छन्। अबका दिनमा गिद्ध संरक्षण तथा प्रजन् केन्द्रमा हुर्किएका गिद्धहरूलाई सुरक्षित प्राकृतिक बासस्थानमा पुनःस्थापना कार्यको निरन्तरता, नेपालबाट सुरुवात गरिएको गिद्ध सुरक्षित क्षेत्रको अवधारणलाई साकार पार्ने, जटायु रेष्टुरेन्टको दिगो व्यवस्थापन र पर्यापर्यटन प्रवर्द्धन र संरक्षणमा सक्रिय स्थानीय समुदायको सशक्तिकरणका साथै डाइक्लोफेनेकको अवैधानिक प्रयोग र अन्य हानीकारक औषधी एसिक्लोफेनेक, निमुस्लाइड र किटोप्रोफेनको पशु उपचार प्रयोगमा रोक्ने सम्बन्धमा तालीम केन्द्रित थियो। सहभागीहरूलाई चरा तथा जैविक विविधताका लागि महत्त्वपूर्ण क्षेत्रको परिचय र अनुगमन सम्बन्धी तालिम समेत दिइएको थियो।

दुई दिनसम्म चलेको उक्त तालिममा गिद्ध संरक्षणमा लागेका स्थानीय समूहको प्रतिनिधित्व गर्दै १७ जिल्लाका २४ भन्दा बढी संघ सस्थाका प्रधिनिधिहरू सहभागी भएका थिए।


- *सम्पादक* निरज दाहाल
- *लेआउट* क्यालिग्राफिक डिजाइन स्टुडियो
- *प्रकाशक* नेपाल पन्छी संरक्षण संघ


## आजीवन सदस्यता

**श्री चुङ्वा शेर्पाज्यू यस संघमा संरक्षक सदस्य हुनुभएको छ। पर्यटन व्यवसायी शेर्पा लुक्ला होटलका प्रोपराइटर साथै नेचर फोटोग्राफर पनि हुनु हुन्छ।**

डा. पेम नारायण कँडेल यस संघमा आजीवन सदस्य हुनुभएको छ। वन तथा भू-संरक्षण मन्त्रालयमा सह-सचिवका रूपमा कार्यरत कँडेलले पन्छी तथा जैविक विविधताको संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याउनु भएको छ।

सुश्री अनुशिला बस्नेत यस संघमा आजीवन सदस्य हुनुभएको छ। वृहस्पति विद्या सदनमा अध्ययनरत बस्नेत पन्छी र वातावरण संरक्षण कार्यमा विशेष चाख राख्नु हुन्छ।

श्री अरुण शर्मा पौड्याल यस संघमा आजीवन सदस्य हुनुभएको छ। वन तथा भू-संरक्षण मन्त्रालयमा ३ दशकभन्दा बढी सेवा प्रदान गर्नुभएका शर्मा वातावरण तथा जैविक विविधताका विज्ञ हुनुहुन्छ।

सुश्री रेणु बस्नेत यस संघमा आजीवन सदस्य हुनुभएको छ। वहाँ ग्रान्डी इन्टरनेशनल स्कुलमा शिक्षिकाका रूपमा कार्यरत हुनुहुन्छ।

श्री ध्रुब बस्नेत यस संघमा आजीवन सदस्य हुनुभएको छ। लामो समयसम्म वातावरण संरक्षण पत्रकारिता गर्नुभएका बस्नेत एक चर्चित वातावरण वृतचित्र निर्देशक पनि हुनुहुन्छ।

श्री दुर्गालाल सापकोटा यस संघमा आजीवन सदस्य हुनुभएको छ। नेपाल मटेरियल ह्याण्डेलिङ्ग एण्ड इन्जिनीयरिङ्ग वर्कशपका प्रोपराइटर सापकोटा वातावरण संरक्षण तथा समाज सेवामा रुचि राख्नुहुन्छ।

श्री ऋषि बराल यस संघमा आजीवन सदस्य हुनु भएको छ। वहाँ राष्ट्रिय प्रकृति संरक्षण कोषमा प्रोजेक्ट अफिसरका रूपमा कार्यरत हुनुहुन्छ।

श्री बिष्णु राज अधिकारी यस संघमा आजीवन सदस्य हुनुभएको छ। काठमाडौँको प्रतिष्ठित KCM College, का प्रिन्सिपल अधिकारी पन्छी तथा वातावरण संरक्षण कार्यहरूमा संलग्न हुनुहुन्छ।


*यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू*

rspb giving nature a home — **Royal Society for the Protection of Birds, UK**

BirdLife INTERNATIONAL — **BirdLife International**

# BirdLife International

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको बासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको बासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका संकेतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउँने अन्तर्राष्ट्रिय दूतको रूपमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्।

### *BirdLife International कार्यक्रम तथा उद्देश्यहरू*

१. विश्वव्यापी रूपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
२. विश्वव्यापी रूपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउँने तथा त्यसबारे प्रकाश पार्ने।
३. वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रूपमा कार्यक्रम गर्ने।
४. पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षण सम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरू मध्ये पन्छीहरूका महत्वपूर्ण क्षेत्रहरू (Important Bird & Biodiversity Areas, IBAs) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

# नेपाल पन्छी संरक्षण संघ

## *Bird Conservation Nepal*



नेपाल पन्छी संरक्षण संघ चरा र चराको बासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिबृद्धि गर्ने, चराहरूको विविधता तथा जीवनचक्रबारे अनुसन्धान गर्ने, चराहरूलाई पर्ने प्रमुख खतरा पत्ता लगाउने र तिनीहरूको वासस्थान संरक्षण गरी विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धान्त रहेको छ। यस संस्थाले विगतका वर्षहरूमा जैविक विविधता संरक्षणका साथै नेपालका ३७ पन्छी संरक्षणका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्तरको क्षेत्रहरू घोषणा गरी कार्यक्रम गर्दै आइरहेको छ।

नेपाल पन्छी संरक्षण संघ यसका संस्थापक, अध्यक्ष, संरक्षकहरू, आजीवन सदस्यहरू, साधारण सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेका संस्था हो।

यो संघ अन्तर्राष्ट्रिय संस्था बर्डलाईफ इन्टरनेशनलका १२० सदस्य देशहरू मध्येमा यस संस्था पनि Partner संस्था हो भने, हाल यसले एसियाकै सङ्कटापन्न गिद्ध संरक्षणमा देशभरी विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ।

**नेपाल पन्छी संरक्षण संघ**
पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल
फोन ४४१७८०५, ४४२०२१३, फ्याक्स ४४१३८८४
इमेल bcn@birdlifenepal.org
वेबसाइट www.birdlifenepal.org

*© २०७४ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।*